# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं कात्तिक २७ गते २०५१ साल ( अतिरिक्ताङ्क ३३ (ग)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट २०५१ साल कात्तिक २९ गते सम्पन्न हुन लागेको प्रतिनिधि सभाको निर्वाचन अघि देशवासीको नाममा बक्सेका सन्देश

प्यारा देशवासीहरू,

यही कात्तिक २९ गतेका दिन प्रतिनिधि सभाको लागि आम निर्वाचन हुने कुरा सबैमा विदितै छ । प्रजातन्त्रलाई दिगो र सुदृढ बनाउने यस अभ्यासमा आफ्नो मताधिकार प्रयोग गर्दै निर्वाचनलाई स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न गराउनु सबैको जिम्मेवारी हो । राष्ट्रप्रतिको यस उत्तरदायित्वलाई सबै नेपालीले इमान्दारीपूर्वक बहन गरी आगामी आम निर्वाचनलाई शान्तिपूर्ण ढंगले सम्पन्न गराउने कार्यमा आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नेछन् भन्ने कुरामा हामीलाई विश्वास लागेको छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले होटेल कर ऐन, २०१८ को दफा १० (क) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी आगामी कार्तिक २९ गते सम्पन्न हुने आम निर्वाचनको लागि राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति २०५१ को निमन्त्रणामा आउनु हुने ८५ (पचासी) जना अन्तर्राष्ट्रिय पर्यवेक्षक अतिथिहरूले होटलमा खाँदा र बस्दा लाग्ने होटल कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ऋषिराम लामिछाने
उप-सचिव

9938



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार